नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७४।०९।१३ मा वाणिज्य इजलास गठन गर्ने र सोको क्षेत्राधिकार तोक्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

(क) संवत् २०७४ साल माघ १ गते देखि लागु हुने गरी कम्पनी ऐन, २०६३, सुरक्षित कारोवार ऐन, २०६३, दामासाही सम्बन्धी ऐन, २०६३ तथा प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३ बमोजिमका मुद्दाहरुको कारवाही र किनारा गर्न देहाय बमोजिमको प्रादेशिक क्षेत्राधिकार रहने गरी उच्च अदालत नियमावली, २०७३ को नियम ६६ बमोजिम देहायका उच्च अदालत, इजलास वा अस्थायी इजलासमा वाणिज्य इजलास गठन गर्ने :-

(१) **उच्च अदालत विराटनगर** : उच्च अदालत विराटनगर, उच्च अदालत विराटनगर, इलाम इजलास, उच्च अदालत विराटनगर, धनकुटा इजलास तथा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(२) **उच्च अदालत जनकपुर** : उच्च अदालत जनकपुर तथा उच्च अदालत जनकपुर, राजविराज इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(३) **उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगञ्ज** : उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगञ्जको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(४) **उच्च अदालत पाटन, हेटौंडा इजलास** : उच्च अदालत पाटन, हेटौंडा इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(५) **उच्च अदालत पाटन** : उच्च अदालत पाटनको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(६) **उच्च अदालत पोखरा** : उच्च अदालत पोखरा तथा उच्च अदालत पोखरा बाग्लुङ्ग इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(७) **उच्च अदालत तुल्सिपुर, बुटवल इजलास** : उच्च अदालत तुल्सिपुर, बुटवल इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(८) **उच्च अदालत तुल्सिपुर, नेपालगञ्ज इजलास** : उच्च अदालत तुल्सिपुर तथा उच्च अदालत तुल्सिपुर, नेपालगञ्ज इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(९) **उच्च अदालत सुर्खेत** : उच्च अदालत सुर्खेत तथा उच्च अदालत सुर्खेत, जुम्ला इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(१०) **उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास** : उच्च अदालत दिपायल तथा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(ख) वाणिज्य इजलास गठन सम्वन्धी खण्ड ५८ मिति २०६५।०९।१४ को नेपाल राजपत्र भाग ५ र खण्ड ५९ मिति २०६६।१२।९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयका सुचनाहरु खारेज गर्ने ।

**आज्ञाले,**
**कमलशाली घिमिरे**
**नेपाल सरकारको सचिव**